

# रगतले सहीछाप गरी कम्युनिष्ट बनेका नेता सत्यनारायण मण्डल



- सरोजकुमार कर्ण

जन्मस्थान : म २००८ साल श्रावण महिनाको १५ गते सप्तरी जिल्लाको भारदह गाउँमा जन्मेको हुँ। जुन गाउँ अन्तर्गत कोशी ब्यारेज पर्दछ। वर्तमानमा पनि हनुमाननगर कङ्कालिनी नगरपालिकाको १ नं. वडामा पर्दछ। हालको बसाई सप्तरी जिल्लाकाकै सप्तकोशी नगरपालिका वडा नं ११ अन्तर्गत भगनी गाउँमा पर्दछ।

माता पिता र परिवार : माता तेतरीदेवी मण्डल र पिता डोमी मण्डलका चार सन्तान ३ छोरा र १ छोरीमध्ये कान्छो सन्तानको रूपमा जन्म भएको हो।

पारिवारिक स्थिति : म ८ वर्षको हुँदा मेरो परिवार मेरो जन्मस्थान छाडेर कमलपुर गाउँ पञ्चायतको वडा नं.७, भगनी गाउँमा बसाइ सर्‍यौं। परिवारको आर्थिक स्थितिको हिसाबले म भूमिहीन वर्ग हो। हाम्रो खर्चको गुजारा ज्यालामजदुरीबाट चल्दथ्यो अर्थात् हाम्रो जीवन निर्वाहको स्रोत यालामजदुरी नै थियो। म राजनीतिमा लाग्दा मेरो परिवारका हरेक सदस्यहरूको उल्लेखनिय तथा अतुल्नीय साथ सहयोग रहयो।

शिक्षा र विवाह : कक्षा ४ सम्मको अध्ययन श्री नन्द उमा निम्न माध्यमिक विद्यालय ओद्राहा सप्तरीबाट हासिल गरेको हुँ। कक्षा ५ देखि कक्षा ७ सम्म श्री सर्वोदय मा.वि. कञ्चनपुर सप्तरीमा पढेँ। कक्षा ८ देखि १० सम्मको अध्ययन गर्नको लागि २०२९ सालमा पार्टीको स्वीकृति लिएर भारतको इलाहावाद गएँ। त्यहाँ दलितका लागि छुट्याइएको कोटामा भारतीय दुतावासले २४ जना नेपाली विद्यार्थीहरूलाई प्रदान गर्ने छात्रवृत्ति प्राप्त गरेर गएको हुँ। त्यहाँबाट २०३१ सालको दसैंको विदामा घर फर्केको थिएँ।

२०२९ सालमा परम्परागत तरिकाबाट पहिलो विवाह सम्पन्न भएको थियो। २०३१ सालमा सन्तानको रूपमा छोरा जन्मे। सोही वर्ष मलाई तत्कालीन पञ्चायती सरकारले राजकाज र खरखजाना मुद्दामा जेल

हाल्यो । जेलजीवन बिताइरहेको अवस्थामा उचित स्याहार–सुसार तथा रेखदेखको अभावमा बिरामी परेर छोराको मृत्यु भयो । त्यसपछि म जेलबाट छुटिसकेपछि मेरो आर्थिक अवस्थाले भ्याएसम्म मेरो श्रीमतीको औषधोउपचार गरे पनि सन्तान हुन सकेन । परिवार तथा इष्टमित्रको दबावमा मैले दोस्रो विवाह गरेँ । यसरी दोस्रो विवाह गर्दा पनि पार्टीको स्वीकृति लिएको थिएँ । मेरो दोस्रो विवाह २०४८ सालमा भएको हो ।

## कम्युनिष्ट आन्दोलनमा सङ्लग्नता

म कम्युनिष्ट आन्दोलनमा वि.सं २०२६ सालमा लागेको हुँ । जुन समयमा भारतीयहरूले नवलपरासी जिल्लाको सुस्ता र महेशपुरमा नेपाली भूमि अतिक्रमण गर्दा भएको देशव्यापी विद्यार्थी आन्दोलन उठिरहेको थियो ।

म त्यतिबेला सर्वोदय मा.वि. कञ्चनपुरमा कक्षा ६ मा अध्ययनरत थिएँ । शुल्क तिरेर अध्ययन गर्ने मेरो परिवारको अवस्था थिएन । तसर्थ सर्वोदय मा.वि. कञ्चनपुरका विज्ञान विषयका मेरा गुरु श्री विश्वनाथ प्रसाद साह ज्यूको घरमा उहाँको परिवारका सदस्यहरूजस्तै बसी उहाँ खाना पकाउने, भाँडा माझ्ने आदि घरायसी कामकाज गर्दथेँ । यसै गरेर मेरो पढाइ अघि बढ्दै थियो । वि.स. २०२६ सालमा म कक्षा ६ मा पढिरहेको थिएँ । विद्यार्थी आन्दोलको समर्थनका लागि म आफूभन्दा ठुला विधार्थीहरूको साथमा सदरमुकाम राजविराज जाँदै गर्दा साथी नन्दप्रसाद गजुरेलले मलाई माओ त्सेतुङको बारेमा सुनाउनुभयो । ती कुराहरूले मलाई प्रभावित र आकर्षित गऱ्यो । म मेरा सिनीयर विद्यार्थी साथीहरूसँग आन्दोलमा भाग लिन राजविराज जाने क्रममा प्रहरीले थाहा पाए र हामीलाई लखेटे । करिब दुई कोस दक्षिण चन्द्र नहरको पश्चिमतर्फ भैँडियामठबाट हामीलाई पक्राउ गरे । त्यसदिन दिनभरि सप्तरीको कञ्चनपुर थानामा राखी रात परेपछि छोडिदिए ।

यो घटना र मेरो बारेमा थाहा पाएका पुष्पलाल समुहका अगुवाहरूले मलाई सम्पर्क गर्नुभयो । उहाँहरूले मलाई समेट्नुभयो र किसान फाँटको

जिम्मेवारी दिनुभयो। केही दिनपछि अखिल नेपाल किसान संघको सदस्यको जिम्मेवारी दिनुभयो। जिम्मेवारी अनुसार गाउँ गाउँमा गएर किसानहरूलाई शोषण, उत्पीडनबारे प्रशिक्षित गर्ने र सङ्गठन बनाउने काममा लागेँ।

२०२७ सालमा पार्टी सदस्यताका लागि निवेदन माग गरियो। त्यस समयमा मलाई ओद्राहा गाउँ बस्ने शुरेश तिमिल्सिनाले निवेदन लेखाउनुभयो। त्यसमा दस्तखत गराएर कम्युनिष्ट पार्टीको सदस्यता लिनको लागि दाहिने हाथको बुढी औँलामा सुई रोपेर रगत निकाली, रगतको छाप लगाई आवेदन लिनुभयो। त्यसपछि २०२८ सालमा मलाई पार्टीको सदस्यता दिइयो। यसरी म २०२८ सालमा पार्टीको सदस्य र जिल्ला कमिटीको सदस्य भएको हुँ।

म राजविराजमा जेलमा रहेको बेलामा त्यहाँको तत्कालीन को.के.(माले) को केन्द्रीय सदस्य कमरेड मणिलाल राईसँग भेट भयो। उहाँसँग मैले नेपाल कम्युनिष्ट आन्दोलनको बारेमा विस्तृत जान्ने बुझ्ने गर्ने मौका पाएँ। उहाँबाट नै झापा आन्दोलनका बारेमा मलाई धेरै जानकारी प्राप्त भयो। झापा आन्दोलनमा आबद्ध रहनुभएका कमरेडहरूको त्याग र बलिदानबाट प्रभावित भई पुष्पलाल समुह परित्याग गरेँ जेलमै को.के (माले)मा सामेल भएँ। त्यसपछि बाहिर सम्पर्क गर्नका लागि जेलमा रहँदा कमरेड मणिलाल राईबाट सप्तरीको बस्तीपुर बस्ने खुमनारायण श्रेष्ठको नाममा चिट्ठी दिएर सम्पर्क गर्न भने अनुसार मिति २०३४ साल फाल्गुन २६ गतेका दिन जेलबाट छुटे पछि सम्पर्क गरेँ। उहाँकै सम्पर्क मार्फत मालेको इलाका कमिटीमा आबद्ध भएँ। म जेलबाट छुटेको ठिक १८ दिनपछि मेरो गाउँमा मेरो घर लगायत पूरै गाउँको २६५ घर आगलागीबाट सखाप भयो। यस्तो प्राकृतिक आपदामा गाउँलेहरूको गास, बास र कपासका लागि अत्यावश्क सामानहरूको व्यवस्था गर्नुपर्ने भयो। यसका लागि साथीहरूसँगको सहकार्यमा व्यवस्था मिलायौँ। त्यसपछि मैले सप्तरी जिल्लाको बस्तीपुर गाउँ बस्ने खुमनारायण श्रेष्ठसँग सम्पर्क

गरेँ । उहाँले अरु साथीहरूसँग समेत परिचय गराउनुभयो । इलाका कमिटी गठन गरी देवनारायण श्रेष्ठ र मैले काम गर्न थाल्यौं । त्यसको केही समयपछि घोघनपुरमा पर्ने जमुवा, क्वाटर, मलेठ गाउँमा कमरेडहरू बद्रि भुजेल, विजय भुजेल, बैकुण्ठ निरौला, रेणुका खडका र छेदी चौधरी थारु लगायतका व्यक्तिहरूले पार्टीको काममा मलाई सहयोग गर्नुभयो ।

## महत्वपूर्ण घटनाक्रम

सिराहा जिल्लाको फुलकाहाकट्टी पञ्चायतको मोतियाही गाउँमा सेल्टर रहेको थियो । त्यस गाउँका अगुवा कार्यकर्ता पन्नेलाल पासवान, दाजु लोटन चौधरी र भाइ रमन चौधरी थारुको घरमा पार्टीको चौथो राष्ट्रिय महाअधिवेशनको सम्पूर्ण तयारी गऱ्यौं । त्यसपछि पार्टी केन्द्रीय कमिटीको बैठक सिराहा जिल्लाको विष्णुपुर कट्टी पञ्चायत अन्तर्गत कालापानी गाउँको चौधरी महतोको घरमा गर्ने तयारी थियो । तर, पार्टी केन्द्रीय कमिटीको बैठक बसी पार्टीको आवश्यक कागजातहरू हराएको हुनाले सुरक्षालाई मध्यनजर गरी तत्काललाई महाअधिवेशन स्थगित भयो । अधिवेशनका लागि खरको छानो, बाँसको टाटी बनाएर भित्र र बाहिर पूरै माटोले लिपेर हल तयार गरेका थियौं । माटोले लिप्ने काम कमरेड ईश्वर पोखरेलले समेत गर्नुभएको थियो । उक्त स्थानको स्थलगत निरीक्षणको क्रममा कमरेडहरू मदन भण्डारी, माधवकुमार नेपालले अवलोकनपश्चात् हामी सम्पूर्ण कार्यकर्ताहरूलाई धन्यवाद दिनुभएको थियो । यति मेहनत गरेर हामीले गरेको तयारी माथिको कारणले स्थगन भएपछि मलाई पनि कताकता दिक्कदार लाग्यो । यसपछि रातीराती सिराहा, उदयपुर हुँदै म सप्तरी जङ्गलको बाटो हुदै मेरो घर फर्कें । घर पुग्नुभन्दा पहिले नै कमरेड मदन भण्डारी र कमरेड माधवकुमार नेपालले लेख्नुभएको चिठ्ठी कमरेड बैकुण्ठ निरौला मार्फत मेरो माइलो दाजु कमरेड कपल मण्डललाई प्राप्त भएको रहेछ । त्यो खबर मलाई मेरो दाजुबाट प्राप्त भयो । त्यसपछि म कमरेड बैकुण्ठ निरौलालाई खबर गरी बोलाएर सरसल्लाह गरियो र राती नै फर्कने योजना बनाइयो । राती घरमा खाना खाएर म कमरेड बैकुण्ठ

निरौलाको घर गएँ । राती १२:१५ बजे उहाँले आफ्नै साईकलमा मलाई लिएर सिराहा फर्कने क्रममा सप्तरीको सितापुर कोलोनीसम्म मलाई पुऱ्याइदिनुभएको थियो । त्यहाँ हामी दुवै जनाले एउटा चिया पसलमा बसी चिया खायौँ र विहानको करिब ४:३० बजेतिर बिराटनगर-जनकपुर चल्ने बसमा चढी म सिराहा गएँ । मलाई बसमा चढाएर कमरेड बैकुण्ठ निरौला साइकलमै चढेर घर फर्कनु भयो ।

वि.सं २०४६ साल श्रावण महिनामामा म सिराहा पुगेँ र मेरो भेट कमरेड मदन भण्डारी र कमरेड माधवकुमार नेपालसँग भेट भयो । उहाँहरूले एक महिनाभित्र नै महाअधिवेशन गर्नुपर्छ भनेर निर्देशन गर्नुभयो । त्यसपछि जिल्ला कमिटीको बैठक बसी ठाउँ निश्चित गऱ्यौं । तयारीको काम युद्धस्तरमा अघि बढाइयो । जङ्गलबाट काठ काटी बस्नका लागि तलले घर बनाइयो ।

२०४६ साल भदौ ९ देखि १३ गतेसम्म हुने पार्टीको चौथो राष्ट्रिय महाअधिवेशनको लागि करिव १५ दिन अघिदेखि नै हामीले आवश्यक पर्ने सामग्रीहरू जुटाउन थालेका थियौँ । करिब १०० जना प्रतिनिधि, पर्यवेक्षक, सहयोगीहरू र सुरक्षागर्ने कमरेडहरू गरी सधै जसो १५० जनाको बिहान–बेलुकाको भान्सा हुन्थ्यो । अन्यत्रबाट आएको चामल दाल हरीयो तरकारी हामी लाहान बाट प्राप्तगरी कालापानीमा चौँधरी महतोको घरमा जम्मा गर्दथ्यौ र अधिवेशन स्थल सिराहा जिल्लाको विष्णुपुर पञ्चायतको सरेअम्वास भनने गाउँमा क.बलउहाँदुर सुनुवार र निजको कान्छा भाई क. हिरा उहाँदुर सुनुवारको घरमा निश्चीत गरी पुरयाउथ्यौ । त्यसक्रममा म आफैले पनि ६५ केजीको आलुको वोरा उदयपुरको कटारी वजार बाट वोकेर खाली खुट्टा ओसारेको थिए साथै क.मदन भण्डारी ज्युले पनि चिनीको वोरा वोकेर ओसार्न सहयोग गर्दै हामीलाई पालो दिनुहुन्थ्यो ।

पार्टीको चौँथो राष्ट्रिय महाअधिवेशनको लागि देशभरबाट प्रतिनिधी कमरेडहरू आउने क्रम सुरुभयो। उहाँहरूलाई मैले लहानमा भेटेर महाधिवेशन स्थलसम्म पुरयाउने गर्थे। कमरेडहरू.झलनाथ खनाल र सि पी मैनाली ज्यूलाई पुऱ्याइसकेपछि म फेरि लहान आएँ। त्यसपछि कमरेडहरू कृष्ण गोपाल श्रेष्ठ, के पी शर्मा ओली, आर के मैनाली र मोदनाथ प्रश्रित लाहान आइपुग्नु भयो र मसँग सम्पर्क भयो। त्यसबेला मैले उहाँहरूलाई पैदल हिँडाएर लैजाने क्रममा खुट्टी खोला पार गर्दै जङ्गलको बाटो हिँडदै बलान खोलाको पश्चिम पट्टि तरेगना गोविन्दपुर गाउँ पुगियो। सबैजना बलान खोलामा नुहाउने क्रममा उक्त खोलाको साना भँगालो कमरेड आर के मैनाली ज्यूले नुहाउँदा छेकिन्थ्यो र रमाइलो पनि हुन्थ्यो। त्यसपछि आफूसँग भएको बिस्कुट अन्य केही खाएर सप्तरी जिल्लाको बाउना गाउँहुँदै त्यहाँबाट ५०० मिटर पर रहेको उदयपुर जिल्लाको कोल्टे भन्ने गाउँमा पुग्यौं। कोल्टे गाउँमा कमरेड रिण बहादुर खपाङ्गीको घरमा पुग्यौं। कमरेड रिण बहादुर खपाङ्गीको घरमा सेल्टर रहने व्यवस्था गरियो। उहाँको आर्थिक अवस्था कमजोर थियो। आर्थिक अवस्था कमजोर भएको त्यस दिन उहाँको घरमा खानाको लागि एक माना चामल र पिठो पनि थिएन। खाना त खानैपऱ्यो। तसर्थ म गाउँमा गोपनीयता भङ्ग नगर्ने विश्वासिलो कमरेडको खोजीमा हिँडें। यस क्रममा यमबहादुर खपाङ्गीको घर पुगें। उहाँ बारीमा काम गर्न जानुभएको रहेछ, खबर पाएपछि उहाँ काम छोडेर तुरुन्त मलाई भेट्न आउनुभयो। आउनुको उद्देश्य सुनाएपछि उहाँको परिवारबाट ६-७ माना चामल दिनुभयो। त्यही चामल लगी मसँग रहनुभएका कमरेडहरूलाई खाना पकाएर खुआएको र खाएको सम्झना अहिले पनि ताजै छ।

खाना खाइसकेपछि हामी सबैले केहीवबर आराम गऱ्यौं। त्यसपछि त्यहाँबाट हिँडदै उत्तर पहाडको बाटो उकालो हिँडदै उदयपुरको रुम्जाटारभन्दा तल पुगेर ओरालो झरी झिलहरी खोलाहुँदै दक्षिणतिर लाग्यौं। पहाड र जङ्गलको बिचबाट निस्कँदै तरेगना गोविन्दपुरहुँदै पश्चिम तिर लागियो।

हाम्रो यात्रा पार्टीको चौँथो राष्ट्रिय महाअधिवेशनको हुने स्थलको थियो। भदौ महिनाको अँधेरी रात। बाटो अत्यन्तै कठिन। हिलो आली हुँदै खुट्टीखोला र मडान खोलाको दोभानमा पुगेपछि हामी अल्लमल्लमा पऱ्यौँ। खुट्टीखोलाको बाटो हिँड्नुपर्ने मडानखोलाको बाटो हिँडिएछ। रातभरि भोकभोकै हिडेको हिँड्यै भइएछ। खुट्टाको समस्याको कारण कमरेड के.पी. ओली हिँड्न सक्नुभएन। मैले र कृष्णगोपाल श्रेष्ठले उहाँलाई आलोपालो गरी बोकेर बाटोमा पुगियो। लगभग बिहान ४ बजे मडानखोलामा पुगियो। त्यहीँ बगरमा गम्छा ओछ्याएर कमरेड केपी ढल्कनु भयो। तर, हामी कहाँ पुगियो भन्ने यकिन थिएन। कमरेडहरूलाई त्यहीँ विश्राम गर्नू भनेर नजिकै कुन गाउँ रहेछ भनी बुझ्न गएँ। त्यो मडान गाउँ रहेछ। त्यहाँ पुगेर एकजना किसानलाई अनुरोध गर्दै भने मसँग ४–५ जना साथीहरू हुनुहुन्छ। हामी बाटो बिर्सेर रातभरि भोकै छौँ भनेँ। मैले खल्तीबाट २० रूपैयाँ दिएँ। किसानले मलाई १२-१५ वटा जति मकै पोलेर नुन खुर्सानी समेत दिनुभयो। उहाँले हामीलाई खुट्टीखोलाको बाटो देखाइदिनुभयो। हामी मकै खाँदै बाटो लाग्यौँ।

पार्टीको चौँथो राष्ट्रिय महाअधिवेशन हुने ठाउँमा पुग्नुभन्दा केही पर रहेको जङ्गलको झारमा लुक्न लगाई म अधिवेशन स्थलसम्म पुगेँ। महाधिवेशन स्थलमा कमरेड मदन भण्डारी लगायत अन्य कमरेडहरू भएको ठाउँमा पुगेँ। मलाई मात्र देखेर उहाँहरू आत्तिनु भयो। ढिलो हुनुबारे चिन्तायुक्त चासो राख्नुभयो। बाँकी कमरेडहरू नआइपुग्नुको कारण सोध्नुभयो। बाटो बिराएर रातभरि हिँडेको दुःखको बेलीबिस्तार सुनाएँ। उहाँहरूको निर्देशन पाएपछि सबैजना कमरेडहरूलाई महाअधिवेशन स्थलमा लिएर गएँ।

पार्टीको चौथो राष्ट्रिय महाअधिवेशन कार्यक्रम सम्पन्न गरियो। यस महाअधिवेशनबाट कमरेड मदन भण्डारी पार्टीको महासचिव छानिनुभयो। यो हाम्रो पार्टीको विशेष र ऐतिहासिक महाधिवेशन थियो। महाधिवेशन सकिएपछि सबै कमरेडहरूलाई हर्षका साथ सकुशल विदाई गरियो।

त्यसपछि मैले सिराहा जिल्ला कमिटीको सचिव पदको जिम्मेवारी पाएँ र म आफनै व्यवस्थापनमा यो पार्टीको चौथो राष्ट्रिय महाअधिवेशन भूमिगत रूपमा प्रहरी प्रशासन र सामन्तहरूले थाहा नपाउने गरी सम्पन्न गर्न सकेकोमा हर्षित तथा गौरवान्वित महसुस गरेँ ।

## पार्टी जिम्मेवारी र संसदीय राजनीति

पञ्चायत कालमा अखिल नेपाल किसान संघको केन्द्रीय सदस्य, २०२८ सालमा पार्टीको जिल्ला कमिटीको सदस्य, २०४६ सालमा नेपाल कम्युनिष्ट पार्टी सगरमाथा अञ्चल कमिटीको सदस्य, २०४७ सालमा अखिल नेपाल किसान संघको तेस्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय उपाध्यक्ष पदमा निर्वाचित भएको थिएँ । पार्टीको आठौँ राष्ट्रिय महाधिवेशन २०६५ मा पार्टीले समावेशी, समानुपातिक सहभागिताको नीति निर्माण गरी कार्यान्वयन पनि गऱ्यो । म मधेशीकोटाबाट केन्द्रीय कमिटीको सदस्यमा निर्वाचित भएँ । कार्यविभाजन भई पार्टीको सप्तरी जिल्लाको इन्चार्ज भई काम गरेँ । नवौं राष्ट्रिय महाधिवेशनमा पनि म पुनः केन्द्रीय कमिटीमा निर्वाचित भएँ । त्यसपछि स्थायी कमिटीको सदस्य भएर पार्टीको जिम्मेवारीमा रही प्रदेश नं. २ (हाल मधेश प्रदेश)को संयोजक भएर पनि काम गरेँ ।

वि.सं. २०४८ सालमा पहिलो संसद गठन हुँदा पूर्वाञ्चल विकास क्षेत्रबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गरेको र मेरो कार्यकाल २ वर्षको रह्यो । २०७० सालमा दोस्रो संविधान सभा निर्वाचनमा समानुपातिक प्रणालीबाट सविधान सभाको सदस्य भई काम गरेँ । २०७२ साल असोज ३ गते संविधान जारी भइसकेपछि गठन भएको पहिलो सरकार कमरेड के.पी. शर्मा ओली को नेतृत्वमा बनेको थियो । यो सरकारमा म नौ महिनासम्म युवा तथा खेलकुद मन्त्री भई काम गरेँ । मुलुक संघीयतामा गइसकेपछि भएको पहिलो आमनिर्वाचन मा प्रदेश नं. २, सप्तरी जिल्ला निर्वाचन क्षेत्र

न. १ क बाट प्रत्यक्ष निर्वाचित भई एक कार्यकाल प्रदेश सभामा प्रमुख प्रतिपक्षी दलको नेताकोको भूमिका निर्वाह गरेँ ।

## हिरासत, यातना र जेल

वि.सं २०३१ सालमा भारतको इलाहावादबाट दसैँको विदामा घर फर्केको बेला मलाई यहाँका सामन्तहरूले फसाए । उनीहरू स्वयंले बस्तीमा आगजनी गरी मैले लगाएको भनी योजनाबद्ध रूपमा २०३१ साल असोज महिनामा गिरफतार गराइएको थियो । त्यसबेला ३८ दिन जेल बस्नुपरेको थियो । ३८ दिन सम्मको अनुसन्धानपश्चात् आगलागी मुद्दा खारेज भएको थियो । त्यसपछि जमिन्दारहरूले मलाई राजकाज र खरखजाना मुद्दामा पक्राउ गराए र ममाथि मुद्दा चलाइयो । मसँगै त्यहाँका स्थानीय मधुरी सदा र खुसर सदालाई पनि मुद्दा लगाइएको थियो । हामी तीनै जनालाई साढे तीनवर्ष जेल सजाय भएको थियो ।

यसरी २०३१ साल असोजदेखि २०३४ साल फागुन २६ गतेसम्म जेल बसेको थिएँ । जेलजीवन बिताइरहेको बेला मेरो पहिलो छोराको उचित हेरचाह र उपचार गर्न नसकेर मृत्यु भएको थियो । मेरो घरपरिवार प्रतिबन्धित अवस्थामा भएको बेला कमरेड रामप्रित पासमानले मेरो घरमा सरसहयोग र सान्त्वना दिने काम गर्नुहुन्थ्यो । त्यतिबेला उहाँले आन्दोलनका लागि मैथिलीमा गीतसमेत लेखेर सम्झाउनुहुँदो रहेछ । त्यो गीत यस्तो छ :

<u>बौवा बोल जिन्दाबाद</u>

हाथमे ललका झण्डा द क करै छी अरजीया
नुनु ईन्कलाब, बौआ बोल जिन्दाबाद !
गरीब क खातिर नुनु बाबा गेल जेल
काका उपरमे बारेन्ट छौके सरकार बैरी भेल
नुनु ईन्कलाब, बौआ बोल जिन्दाबाद ! !

बाबुके बदला लिह कसम तोर हिमालके
दुस्मनके शिर उडाबीह एहि बन्दुक के नाल से
नुनु ईन्कलाब, बौआ बोल जिन्दाबाद ! ! !

उक्त गीत मेरो मृत छोराको हातमा पार्टीको झण्डा दिएर भन्नुभएको थियो । यस गीतको भावार्थ यस्तो छ : बाबु उठ, तिमी भनेर गर्दैछौँ गुहार र भन जिन्दाबाद । गरिबका लागि बुवा जेल जानुभएको हो । काकाहरूमाथि पक्राउ गर्ने वारेन्ट छँदैछ । त्यही भएर उठ तिमी र भन जिन्दाबाद । बाबुको बदला लिनु तिमीलाई हिमालका कसम छ । यो बन्दुकको नालले दुस्मनको शिर उडाउनू । बाबु उठ, तिमी र बोल जिन्दाबाद ।

**सामाजिक आन्दोलनमा योगदान**

मेरो गाउँमा सामन्तहरूले १० जना मुसहर समुदायका व्यक्तिहरूको कब्जा गरेको घरबारीलाई कब्जाबाट मुक्त गराउन सफल भए । सामन्तहरूको शोषण र उत्पीडणमा रहेको मुसहर समुदायका अधिकांश परिवारका लागि जङ्गल फडानी गरी बस्ती बसाएको थिएँ । म जेलबाट छुटेको केही दिनपछि मेरो गाउँको पूरै २६५ घर आगलागीबाट सखाप भयो । यस्तो प्राकृतिक आपदामा गाउँलेहरूको गास, बास र कपासको लागि खानेकुरा, घर बनाउन जङ्गलबाट काठ जस्ता अत्यावश्यक सामानहरूको व्यवस्था साथीहरूसँगको सहकार्यमा मिलायौँ । गाउँमा राष्ट्रिय प्राथमिक विद्यालय भगनी मलेठको स्थापना तथा व्यवस्थापन, गाउँमा विद्यालय स्थापना गर्दा जग्गादाताले दिएको जग्गाको कुत तिर्न सामन्तहरूले रोक लगाएका थिए । शिक्षाबाट समाजमा हुने परिवर्तनका बारे सबै जग्गा दाताहरूलाई सम्झाइबुझाई गरी पाउनुपर्ने धान काँधमा बोकेर सङ्कलन गरिएको थियो । कुत वापत सङ्कलित त्यही धान बेचेर आवश्यक व्यवस्थापन मिलाएको थियो । विद्यालयको स्तरोन्नतिका लागि अग्रणी भुमिका निर्वाह गरेको सम्झनाले मन प्रसन्न हुन्छ । हाल सो विद्यालय श्री जनता माध्यमिक विद्यालय, भगनी मलेठको नाममा रहेको छ । यस विद्यालयमा

कक्षा १० सम्मको अध्ययन अध्यापन भइरहेको छ । ओद्राहामा रहेको श्री नन्द उमा पब्लीक विधालयलाई मन्दिर टोलबाट स्थानान्तरण गरी खत्ता छेउमा स्थापना गर्नका लागि चन्दा नगद सङ्कलन, धान सङ्कलन गरेर विद्यालयलाई जिम्मा लगाएका थियौं । हाल यस विद्यालयमा प्राविधिक शिक्षासहित माध्यमिक शिक्षा अध्यापन हुँदैआएकोछ ।

**बिर्सन नसक्ने घटना**

वि.सं २०५० सालमा बैसाख ९ गते मेरो छोरा चिन्तन मण्डलको जन्म भएको हो । त्यसैले म र मेरो परिवार रत्नराज्य लक्ष्मी प्रसूती गृहमा थियौं । छोरालाई जन्डिस भएको रहेछ । उपचारको क्रममा हामी बैसाख २५ गतेसम्म त्यहीं थियौं । वि.सं.२०५० साल जेष्ठ २ गते कमरेड मदन भण्डारीको फोन आयो । उहाँले मलाई कहाँ हुनुहुन्छ भनेर सोध्नुभयो । मैले श्रीमती सुत्केरी भएको र छोरा जन्मेको र काठमाडौं डेरामा रहेको बताएँ । कमरेड मदन भण्डारीले अहिले संसद छैन गाउँतिर नै फर्किनुपर्छ, कार्यक्षेत्रतिर नै फर्किनुस्, काठमाडौं बस्नुभन्दा गाउातिर नै बस्न राम्रो हुने बताउनु भयो । यस क्रममा आफू पनि काठमाडौं बाहिर भ्रमणमा रहेको भन्नुहुँदै गाउँतिरै भेटौंला भन्नुभयो । त्यसको भोलिपल्ट उहाँ पोखरामा कार्यक्रम गरी फर्किने बेलामा दासदुङ्गामा उहाँको सवारी दुर्घटना गराई हत्या भएको खबर सुनेर म पूर्णतया स्तब्ध र भावविह्वल हुन पुगें र मेरी श्रीमती र मेरो सानो बच्चाको लाई हेरचाह गर्ने सम्म होश रहेन । हामी बेहोश भयौं ।

वि.स. २०३१ सालमा गाउँको मुसहर समुदायको घरमा आगजनी गरेको भनी मेरो घरमा छापा मार्नुभन्दा २/३ घण्टा अगाडि मेरो घरमा माइली भाउजू सुत्केरी भई छोरीको जन्म भएको थियो । त्यतिखेर बच्चा जन्मिने बित्तिकै आमाको दुध नखुवाई बाख्राको दुध खुवाउने चलन थियो । तर प्रकृयावादीसामन्तहरू गाउँभरि हामीलाई बाख्राको दुध दिन प्रतिबन्ध लगाएका थिए । आफ्नो घरमा बाख्रा नभएकोले हामी छिमेकको भरमा

थियौं । सामन्तहरूको डरले कसैले पनि हामीलाई दुध दिन हिम्मत गरेनन् । तर राती एक बजेतिर एकजना छिमेकी आमा जसलाई सबैले दुखनीको आमा भनेर चिनिन्थ्यो, उहाँले आफ्नो बाख्राको दुध दुहेर मेरो घरमा ल्याइदिएपछि बल्ल बच्चा जन्मेको १४ घण्टापछि दुध खुवाएर बचाउन सकिएको थियो ।

पार्टीको चौथो राष्ट्रिय महाअधिवेशन सकेर म सिराहा जिल्लाको विष्णुपुर गाउँको मगर टोलमा कमरेड हिकबहादुर लुंगेलीको घरमा आएर थकाइ मारी खाना खान बसेको थिएँ । बाहिर कालो बादल सहित मेघ गर्जनसहित पानी परिरहेको थियो । कमरेड लुंगेलीको श्रीमती (मैले बहिनी मान्ने गर्दथें) पार्वतीले बैकुण्ठ निरौलाकी श्रीमतीको खेतमा काम गरिरहेको अवस्थामा चट्याङ् लागेर मृत्यु भएको दुःखद खबर सुनाउनुभयो । खबर सुन्नासाथ म स्तब्ध, भावविह्वल र मर्माहत भएँ र पानीको घुड्कोसम्म नखाई जुरुक्क उठें । आखाँबाट बलिन्द्रधारा आँसु मात्र बगिरहे ।

चौंथो राष्ट्रिय महाअधिवेशन सकिएको केही दिनपछि म सिराहा जिल्लाको गुरुधाम भन्ने गाउँमा सङ्गठन विस्तारको काममा व्यस्त थिएँ । त्यति नै बेला मेरो बुबाको देहान्त भएको खबर पाएँ । यस्तो दुःखद खबर पाएपछि म घर जान आँटेको थिएँ । तर नेता कमरेडहरूले घर नजानु भन्ने सल्लाह दिनुभयो । घर गएको बेला प्रहरी प्रशासन, सामन्तहरूले पक्राउ गर्न सक्ने सम्भावना भएकोले कमरेडहरूले मलाई रोक्नुभएको थियो । मनमा असह्य पीडा हुदाँ पनि सहेर बसें । बुबाको मृत्यु भएको १० औं दिनमा कपाल खौरिनु-मुण्डन गनुपर्ने भएकोले लहान बजारको एउटा सैलुनमा गएँ र कपाल खौरिएँ । लहानबाट ४ कोस पश्चिम गुरुधाम भन्ने गाउँमा पुगेर राती बास बसेँ । गाउँका कमरेडहरूलाई भेला गरी राजनीतिक कुराकानी र प्रशिक्षण गरेर बसेँ । बुबाको किरियामा उपस्थित हुन नपाउँदा आफूलाई अहिले सम्म पनि अभागी महसुस गरिरहेको छु ।

**विदेश भ्रमण**

वि.सं २०७२ सालमा युवा तथा खेलकुद मन्त्री पदमा रहँदा युवाहरूको टोली लिएर चिनियाँ युवा तथा खेलकुद परिषद्को निमन्त्रणामा युवाहरूसँगको अनुभव साटासाट गर्ने कार्यक्रममा सहभागी हुन नेपाली युवाहरूको नेतृत्व गर्दै सहभागी हुन चिन गएको थिएँ । कतारको दोहामा ३५ राष्ट्रको खेलकुद मन्त्रीहरूको एन्टीडोपीङ्ग सम्बन्धी कार्यक्रममा सहभागी हुन ३ दिनको कतार दोहा गएको थिएँ । २२ राष्ट्रको सहभागिता रहेको श्रीङ्लकाको जाफ्ना प्रान्तमा भएको जम्बोरीमा नेपालको प्रतिनित्वि गर्ने अवसरको सदुपयोग गरेको थिएँ । यी सबै पार्टी, राष्ट्र्र जनताका लागि ती ठाउँहरूबाट प्राप्त अवसर हुन् ।

●